# खप्तड छेडेदह गाउँपालिका आर्थिक ऐन, २०७४

## खप्तड छेडेदह गाउँपालिका

## बाजुरा, जिल्ला

## ७ नं.प्रदेश, नेपाल

# छेडेदह गाउँपालिकाको आर्थिक ऐन, २०७४

**ऐन संख्या : १**

**गाउँसभाबाट स्वीकृत मिति : २०७४/०५/१६**

**<u>प्रस्तावना :</u>**

खप्तड छेडेदह गाउँपालिका आर्थिक वर्ष २०७४/०७५ को अर्थसम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम खप्तड छेडेदह गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनका नाम "खप्तड छेडेदह गाउँपालिका आर्थिक ऐन, २०७४" रहेकोछ ।

(२) यो ऐन २०७४ साल भदौ ११ गतेदेखि खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **घरजग्गा कर (संम्पति कर) :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम घरजग्गा कर लगाई असुलउपर गरिनेछ ।

३. **भुमिकर (मालपोत) :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भुमिकर (मालपोत) लगाई असुल उपर गरिने छ ।

४. **बहाल कर :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, ग्यारेज, पसल, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरि बहालमा दिएकोमा अनुसुची-३ बमोजिम बहाल कर लगाई असुल उपर गरिने छ ।

५. **व्यवसाय कर :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायको प्रकृति, व्यवसायको आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाई असुल उपर गरने छ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा बित्तीय संस्था र सुपर मार्केटहरुका हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिने छ ।

६. **जडीबुडी, कवाडी र जीवजन्तु कर :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंह, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूची-५ बमोजिमको कर लगाई असुल उपर गरिने छ ।

तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लेखित व्यवस्था लागुहुने छैन ।

७. **सवारी साधन कर :** सवारी साधन कर अनुसूची-६ बमोजिम लगाई असुल उपर गरिने छ ।

८. **विज्ञापन कर :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाई असुल उपर गरिने छ ।

९. **मनोरञ्जन कर :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारका मनोरञ्जनका व्यवसायमा अनुसूची-८ बमोजिमको मनोरञ्जन कर लगाई असुल उपर गरिने छ ।

१०. **बहाल बिटौरी शुल्क :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र आफुले रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक एलानी प्रतिजग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष पर्वमा अनुसूची-९ मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुल उपर गरने छ ।

११. **सवारी साधन पार्किङ्ग शुल्क :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिने छ । साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले खप्तड छेडेदह गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनु पर्नेछ ।

१२. **ट्रेकिङ्ग र ऱ्याफ्टिङ्ग शुल्क :** खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र ट्रेकिङ्ग र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूची-११ बमोजिम शुल्क लगाई असुल उपर गरिने छ ।

१३. **सेवा शुल्क दस्तुर :** यस गाउँपालिकाले निर्माण, संचालन, वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लेखित स्थानीइ पूर्वाधार र उपलब्ध गराइएको सेवाममा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिने छ ।

१४. **पर्यटन शुल्क :** यस गाउँपालिकाले तोकेका स्थानहरुमा पर्यटन प्रवेश गर्दा अनुसूची-१३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिने छ ।

१५. **जरिवाना :** यस गाउँपालिका भित्र निशेष गरिएका सार्वजनिक सडक तथा ऐलानी पर्ती जग्गामा घर वा व्यापार व्यवसाय गर्ने प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची-१४ बमोजिम जरिवाना गरिने छ । साथै खप्तड खप्तड छेडेदह गाउँपालिका गाउँ कार्यपालिकाले समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्ने छ ।

१६. **कर तथा शुल्क संकलन कार्यविधि :** यस ऐनमा भएको व्यवस्था बमोजिम र अनयका हकमा यस ऐनसाग नबाझिने गरी यस गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१७. **अन्य व्यवस्था :** यस गाउँपालिकाका विषयगत शाखा, वडा, तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी असुल उपर गरि सेवा प्रवाह गर्नुपर्ने छ ।

तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धतापत्र लिई सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

१८. **नियम वा कार्यविधि बनाउन सक्ने :** यस गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वय गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

## अनुसूची-१

सम्पति कर

## अनुसूची-२

भूमि कर (मालपोत) हाललाई साविक बमोजिम भूमिकर उठाउने र मालपोत मोठ उतार गरी व्यवस्थित भएपश्चात भूमिकर निर्धारण गर्ने अधिकार गाउँ कार्यपालिकालाई दिईएको छ।

## अनुसूची-३

घर वहाल कर : सार्वजनिक पर्ती जग्गामा घर, टहरा, पसल, गरी बसेको भए सोको प्रति वर्गमिटर रु २५० बार्षिक तिर्नु पर्नेछ । घर जग्गा, टहरा निर्माण गरि बसेका व्यवसायीले तत्काल वडा पालिकामा आफ्नो लगत राख्नुपर्नेछ ।

व्यवसाय कर : आर्थिक वर्ष २०७४।७५ मा यस खप्तड छेडेदह गाउँपालिकामा तपसिल बमोजिमका व्यवसायले वार्षिक तपसिल बमोजिम कर तिर्नुपर्नेछ ।

| क्र.स. | व्यवसायको किसिम | वार्षिक कर रु. | कैफियत |
|---|---|---|---|
| १. | साना खुद्रा पसल | रु. ३००।- | |
| २. | ठुला थोक पसल/हार्डवयर पसल | रु. १०००।- | |
| ३. | मदिरा पसल | रु. १०००।- | |
| ४. | चिया खाजा होटल | रु. ३००।- | |
| ५. | सुर्तीजन्य पसल | रु. ३००।- | |
| ६. | फर्निचर व्यवसाय | रु. १०००।- | |
| ७. | कुटानी पिसानी मिल | रु. १०००।- | |
| ८. | जडिबुटी निकासी कर | रु. १०००।- सम्म | जडिबुटीको परिणाम हेरी |
| ९. | साना उद्योग दर्ता | रु. ५००।- | |
| १०. | बित्तीय सेबा बैकं, फाईनान्स | रु. १०००।- | |
| ११. | औषधी पसल | रु. ५००।- | |
| १२. | भेटेरीनरी पसल | रु. ५००।- | |
| १३. | गैह्र सरकारी संस्था दर्ता नवीकरण दस्तुर | रु. १०००।- | |
| १४. | निजी बोर्डिगं स्कुल | रु.१०००।- | |
| १५. | निगालो प्रतिभारी | रु.२०।- | गाउपालिका भित्र |
| १६. | निगालो प्रतिभारी | रु.१००।- | गाउपालिका बाहिर |
| १७. | बाँस निकासि | रु.१००।- | प्रति ट्रालि |

## अनुसूची-४

जडिबुटी, कवाडी र जीवजन्तु कर ।

## अनुसूची-५

सवारी साधन कर

## अनुसूची-६

विज्ञापन कर

## अनुसूची-७

मनोरञ्जन कर

## अनुसूची-८

बहाल बिरौटी कर

## अनुसूची-९

पार्किगं शुल्क : गाउँपालिकाले पूर्वाधार निर्माण गरी सवारी साधन पार्किगं स्थल बनाएको ठाउँमा पार्किगं गरेमा प्रतिदिन तपसिल बमोजिम पार्किगं शुल्क लिनेछ ।

(क) बस रु. ५०।-

(ख) जीप रु. २५।-

(ग) ट्र्याक्टर रु. २५

## अनुसूची-१०

ट्र्याकिगं, कोयोकिगं, क्यानोईगं, बन्जी जम्पिगं, जीपफ्लाईर र र्‍याफि्टगं शुल्क

## अनुसूची-११

सेवा शुल्क दस्तुर : गाउँपालिकाले सेवा प्रदान गरेवापत तपसिल बमोजिमको सेवा शुल्क दस्तुर लिनेछ ।

| क्र.स. | सेवाको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | सामान्य सिफारीस दस्तुर | रु. २५।- | |
| २. | नागरिकता सिफारीस दस्तुर | रु. ५०।- | |
| ३. | चारकिल्ला प्रमाणित दस्तुर | रु. १००।- | |
| ४. | नाता प्रमाणित दस्तुर | रु. १००।- | |
| ५. | आय प्रमाणित सिफारीस | रु. १००।- | |
| ६. | सगोल प्रमाणित सिफारीस | रु. १००।- | |
| ७. | व्यवसाय दर्ता सिफारीस दस्तुर | रु. ३००।- | |
| ८. | व्यवसाय बन्द भएको सिफारीस | रु. १००।- | |
| ९. | खाता सञ्चालन सिफारीस | रु. २५०।- | |
| १०. | खाता बन्द सिफारीस | रु. १५०।- | |
| ११. | विद्यालय कक्षा थपको सिफारीस | रु. १०००।- | |
| १२. | हकदार प्रमाणित | रु. १००।- | |
| १३. | उद्योग ठाउँसारी सिफारीस | रु. ५००।- | |
| १४. | विवाहित वा अविवाहित प्रमाणित | रु. १००।- | |
| १५. | स्थलगत गाउँ सर्जमीन दस्तुर | रु. २५०।- | |
| १६. | निर्माण व्यवसाय सिफारीस तथा नवीकरण | रु. १०००।- | |
| १७. | वनपैदावार काठ दस्तुर | रु. ५।- | प्रति क्यू.फिट |
| १८. | प्राकृतिक स्रोतबाट प्राप्त रायल्टी<br>(क) ढुङ्गा<br>(ख) बालुवा<br>(ग) गिट्टी | <br>रु. २०।-<br>रु. १००।-<br>रु. १००।- | <br>प्रति चट्टा<br>प्रति ट्याक्टर<br>,, |

| | | | |
|---|---|---|---|
| २०. | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई) | रु. ५०।- | घटना घटेको ३५ दिन भित्र निःशुल्क |